# ८ पुजारी अवियाथर

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* प्रस्थान २८:६, ३९:२-७, १ सामूयल २१:१-९, १ सामूयल २२:६-२३, २ सामूयल १५:१३-२९।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "उहाँका जनहरू हुन परमेश्वरले तिमीहरूलाई चुन्नुभएको छ। तिमीहरू राजकिय पुजारीहरू हौ। तिमीहरू पवित्र राष्ट्र हौ। तिमीहरू परमेश्वरका अधिनमा रहेका जनहरू हौ। उहाँको प्रशसा गर्न यो प्रावधान बनिएको हो। परमेश्वरले अन्धकारबाट उहाँको अचम्मको ज्योतिमा तिमीहरूलाई निकालेर ल्याउनुभएको छ।" (१ पत्रुस २:९)।

इस्रायलीको जीवन र इतिहासमा पुजारीले अत्यन्त महत्वपूर्ण भूमिका खेलेका थिए। उनीहरूको भूमिका केवल इस्रायलमा मात्र नभएर छिमेकी देशहरूमा पनि महत्वपूर्ण थियो। मध्य पूर्वमा राजा, पुजारी पनि हुन्थ्ये। धार्मिक र राजनैतिक शक्ति उसकै हातमा हुन्थ्यो। दरवारमा पुजारीहरूका जमातले उनीहरू कत्तिको शक्तिशाली समूह भनेर देखाएको थियो। पुजारीकै भरमा कतिपय राजाहरू हुन्थे भन्ने धेरै उदाहरणहरू पाइएको छ। पुरानो करारमा पुजारीको क्रियाकलाप नै इस्रायल देशका आस्थाको जीवनको केन्द्रविन्दू थियो। नयाँ करारमा पनि पुजारीहरूको प्रभाव अत्यन्त प्रभावशाली थिए भनेर बाइबलको इतिहासले बताउँछन्।

१५०० शताव्धीका इसाई सुधारबादीहरूमा (प्रोटेस्टेन्ट रिफोर्मेशन) सारा विश्वासीहरू नै पुजारी हुन् (१ पत्रुस २:९) भन्ने धारणा अत्यन्त प्रचलित भएको थियो। तर यो धारणा केवल नयाँ करारमा मात्र सिमित भएको थिएन (हेर्नुहोस् प्रस्थान १९:६)। उहाँका विश्वासीहरू पवित्र हुन्, अरूको सेवामा तल्लिन हुन् र यसरी मुक्तिको

योजनलाई जनसमक्ष चिनाईदिउन् भन्ने परमेश्वरको आशाय सधैं भएको देखिन्छ।

यो अध्यायमा अबियाथरको बारेमा अध्ययन गर्नेछौं। पुरानो करार वा पौराणिक इस्रायलको इतिहासमा पुजारीको भूमिका कस्तो महत्वपूर्ण रहेछ भनेर अबियथारको कथाले बताउनेछ। पुजारी हुन मानिसको शिक्षा र जात होइन तर परमेश्वरप्रतिको बफादारीपनामा भर पर्छ भनेर हामीलाई सम्झाइनेछ। यदि कुनै पुजारीले गलत काम गरे भने त्यसलाई पुजारीको पदबाट हटाइनेछ भन्ने ज्ञान अबियथारको कथाबाट सिक्नेछौं।

## १. झुठमूठ र वियोगान्त (१ सामूयल २१:१-९)

१ सामूयल २१:१-९ र २२:६-२३ पढेर देहायका प्रश्नहरूका जवाफ दिनुहोस्।

*आफू किन आएको हो भनेर झुठो कुरा दाउदले पुजारी अहिमेलकलाई भने?

*जब अहिमेलकले दाउदको कुरामा विश्वास गर्दा उसको के गति भयो?

* आफ्ना मानिसहरूलाई दाउदको खिलाफमा जान सावलले मानिसहरूलाई कसरी उक्साए? उनले कस्तो खालका तर्कलाई प्रयोग गरे?

*दाउदको चरित्र र बफादारिपनाको बारेमा अहिमेलकले राजा सावललाई के भन्छन्?

*यस कथाले राजा सावल दुष्ट काम गर्न कतिसम्म गिरेको रहेछ भनेर बताउँछ?

*सावलका सेवकहरूले इन्कार गरेको काम बिदेशी दोएगले किन फत्ते गरे?

*अबियथारको हत्याको बारेमा थाहा पाएपछि दाउदको प्रतिक्रिया कस्तो थियो? कुन कारणहरूले उनको प्रतिक्रिया ठिक थियो?

*अहिमेलकका छोरा नमारिन्दा दाउदले कस्तो खालको वाचा उनलाई दिइन्छ?

आदर र अनादर, विश्वासिलो र विश्वासरहितका बिचमा के अन्तर छन् भनेर यस कथाले बताएको छ। यसको बारेमा बिचार गर्नुहोस्। पाप र झुठमुठ कामले मानिसलाई कस्तो चक्रव्युहमा पार्न सक्छ भन्ने कुरालाई सोच्नुहोस्। अहिले नै तपाइँ कस्तो नैतिक प्रश्नको फन्दामा परिरहनुभएको छ? तपाईंले कस्तो नैतिक बाटो अपनाउनुहुन्छ? तपाईंको कामलाई कार्यान्वन गर्नुभन्दा पहिला त्यसको नतिजा कस्तो हुन्छ भनेर सोच्नुहोस्।

## २. पुजारी अबियथार (१ सामूयल २३:९-१३)

आफ्नो परिवारसहित अवियथार मृत्युको मुखबाट भाग्न कसरी सफल भए भन्ने बृतान्त हामीलाई भनिएको छैन। उनी भागेर दाउदको शरणमा पुगे भन्ने कुरा मात्र हामीलाई थाहा छ। तर अबियथार भाग्नु भन्दा पहिले पवित्र एफोदलाई (१ सामूयल २३:६ पढ्नुहोस्) सुरक्षित राख्न उनी सफल भएका थिए। एफोद, यस्तो महत्वपूर्ण कपडाको टुक्रा थियो जुन् पुजारीले लगाउँथ्यो। परमेश्वरको इच्छालाई जान्न र महत्वपूर्ण निर्णयहरू गर्न यस कपडालाई प्रयोग गरिन्थ्यो। यसबारे पढ्नुहोस्ः प्रस्थान २८:६ र ३९:२-७। कम्तिमा दुई पटक दाउदले अबियथार को एफोद कपडा उनकहाँ ल्याउन लगाएका थिए भनेर कथाकारले भन्दछ (१ सामूयल २३:९-१२, १ सामूयल ३०:७,८)।

आज त हामीसँग परमेश्वरका वचनहरू लिखित रूपमा छन्, तर अबियथारको समयमा परमेश्वरको वचन लिखित रूपमा थिएन। हातले लेखेका व्ययवस्थाका किताब, विषेश गरेर मोसाका पाँच पुस्तकहरू, थोरै प्रतिलिपीहरू मात्र थिए। प्रायजसो सबै मानिसहरूले परमेश्वरको वचन आफैले पढ्न पाएका थिएनन्। आजभोली प्रायजसो हामी सबैले हाम्रै भाषामा बाइबल पढेर आशिष पाउने अवसर पाएका छौं। प्रत्येकलाई परमेश्वरको वचनको अर्थ बुझाउन पवित्र आत्मा दिन्छु भन्ने

प्रतिज्ञा परमेश्वरले हामीलाई दिनुभएको छ (यूहन्ना १४:२६)। उहाँबाट आउने सरसल्लाह मानिसलाई दिन परमेश्वरले मानिसहरूलाई नै प्रयोग गर्नुहुन्छ (हितोपदेश २०:१८)। हामीलाई आशिष दिन परमेश्वरले विभिन्न परिस्थितिलाई पनि प्रयोग गर्नुहुन्छ (रोमी ८:२८)।

१ सामूयल २३:९-१३, २ सामूयल १५:२४, र २ सामूयल १७:१५-२२ पढ्नुहोस्। पुजारी अबियथारका काम र कर्तव्यहरू के थिए भनेर ती पदहरूले जनाउँछन्?

पुजारी अबियथारले धेरै दुःख कष्टहरू सहनुपरेको थियो। दाउद जस्तै उनी भुमिगत हुनुपरेको थियो। तर ती दुःखका अनुभवहरूले इस्रायलका भविष्यका राजाको सेवा गर्न अवियथारलाई तयार पारिएको थियो। भुमिगत भएको बेलामा दाउद र उनका मानिसहरूले नैराश्यता, डर र धोकावाजी भोग्नुपरेको थियो। यी सबै कुरा अबियथारले बुझेको थियो। अरू मानिसले जस्तै पुजारी आफैले भोगेका कुराहरूलाई व्यक्ति वा समूहलाई बाँट्ने प्रक्रिया महत्वपूर्ण थियो। पुजारीको यो काम राम्रोसँग बुझाउन नयाँ करारले प्रमूख भूमिका खेलेको हामी पाउँछौं। येशू हाम्रो प्रमूख पुजारी हुन सक्षम् हुनुहुन्छ किनकी हामीले भोगेका अनुभव उहाँले पनि भोग्नुभएको थियो र उहाँले हामीलाई बुझ्नुहुन्छ भनेर हिब्रूका लेखकले उल्लेख गरेकाछन् (हिब्रू २:१७)।

१ पत्रुस २:९ पढ्नुहोस्। हामी जहाँ भएपनि हाम्रो जिम्मेवारी तथा धर्म पुजारीकै जस्तै हो भनेर नयाँ करारले स्पष्ट गरेर सिकाएको पाउँछौं। आफ्नै इच्छाले यो काम हामीलाई सुम्पिएको होइन। येशूले भन्नुभयोः "तिमीहरूले मलाई चुनेनौ। बरू मैले तिमीहरूलाई चुनेको हुँ। जान र फल फलाउन तिमीहरूलाई मैले नियुक्त गरेको छु। यो फल सदाको निम्ति रहेको हुन्छ। अनि तिमीहरूले मेरो नाउँमा जे मागे पनि पिताले तिमीहरूलाई दिनुहुन्छ।" यूहन्ना १५:१६ रूपान्तरित। परमेश्वरले हामीलाई बोलाउनु भयो भन्दैमा हामी पुरानो करारका पुजारी वा नयाँ करारका प्रेरितमा कुनै बदलाउनहुन्न। तर हाम्रो परिवारको माझमा, हाम्रो समाजमा र हाम्रा वरिपरि भएका सबैको निम्ति

काम गर भनेर परमेश्वरले हामीलाई जोडसँग आह्वान गर्नुहुन्छ। पुजारीको भूमिका खेलेर अझ राम्रोसँग तपाईं कसरी सेवा गर्नुहुन्छ?

## ३. राजकुमार आब्सोलमको बिद्रोह (२ सामूयल १५:१३-२९)

२ सामूयलको अध्याय १५ देखि १८सम्म आब्सोलमको दुखद कथालाई प्रस्तुत गरिएको छ। उनी राजा दाउदको छोरा थिए, र आफ्नो बाबुको शासनको बिरूद्ध बिद्रोह गरे, त्यही सिलसिलामा आब्सोलमका सैनिकहरू येरुशलेम कब्जा गर्न गइरहेका थिए। पुजारी अबियथारको निम्ति यो आपत्तिजनक कदम थियो। येरुशलेमलाई रक्ताम्य बनाउनुको सत्ता राजा दाउद गद्दी छोडेर भाग्ने निर्णय गरे। उनको साथमा उनका सबै बफादारी मानिसहरू भाग्न तयार भए। राजा सावलको अन्तर्गत आफ्ना परिवार र गाउँलेहरूको हत्या भएको सम्झेर पुजारी अबियथार पनि दाउदसँगै भाग्न तयार भए।

२ सामूयल १५:१३-२९ पढ्नुहोस्। यस्तो खतरापूर्ण समयमा पनि दाउदको चरित्र कस्तो थियो भनेर ती पदहरूले बताउँछन्? इतिहासको पानामा अबियथारले के भूमिका खेल्दछ?

परमेश्वरको पवित्र सन्दुक र अरू पुजारीहरूसहित अबियथार शहर छोड्न तरखर गर्दछ। तर परमेश्वरको सन्दुक येरुशलेममै रहोस् भनेर आज्ञा गरिन्छ। परमेश्वरको उपस्थितिको प्रतिकलाई बोकेर लग्दैमा उहाँ दाउदको साथमा हुन्छ भन्ने छैन भन्ने कुरालाई दाउदले सिकेका थिए। कतिपय मानिसहरूले क्रुसलाई मालामा गाँसेर लगाउछन्, वा धार्मिक नाराहरू झुन्ड्याउँछन् वा धार्मिक बिधिहरू नियमित रूपमा पालन गर्दछन्। तर यी सबै काम गऱ्यो भन्दैमा परमेश्वर उनीहरूसँग हुनुहुन्छ भन्ने छैन। परमेश्वर मानिसहरूको नियन्त्रणमा हुनुहुन्न। परमेश्वरको सन्दुक जहाँ हुनुपर्ने थियो त्यहिँ होस् भन्ने दाउदको चाहना थियो। यथार्थमा दाउदले परमेश्वरप्रति विश्वासको यो नमुना थियो। परमेश्वरले उनलाई उद्धार गर्नुहुन्छ र येरुशलेममा फेरि फर्काउनुहुन्छ भनेर उनले बिश्वास गरेका थिए।

अनि परमेश्वरको सन्दुकलाई यथावत स्थानमै राख्दछन्। जबसम्म दाउदका सबै बफादारी मानिसहरू शहर छोडेनन् तब सम्म अबियथारले बलिदान चढाएर परमेश्वरको उपासना गर्दछन् (२ सामूयल १५:२४)। यो भएपछि अबियथार र जाडुक दाउद र उनका मानिसहरूको निम्ति सुराकी बन्छन्।

दाउदको गुप्तचर व्यवस्थाको बारेमा लेखिएको कथा पढ्नु अत्यन्त रोचकपूर्ण छ (२ सामूयल १७:१५-२९)। येरुशलेममा आब्सोलमको गतिविधी बुझ्न अबियथार र जाडुक शहरमै बस्दछन्। उनीहरूका छोराहरू शहर बाहिर केहि खबरको निम्ति पर्खेर बस्दथे। झट्ट हेर्दा पत्यारलाग्दो आइमाई सेविकाबाट ती युवाहरू खवर पाउँथे। तर एक जना युवक अत्यन्त चलाक थियो र त्यहाँ के भइरहेको छ सो कुरा आब्सोलमकहाँ पुऱ्याइ दिन्थ्यो। अवियथारका छोराहरूको गतिविधि थाहा पाएर आब्सोलमका मानिसहरूले पुजारीका छोराहरूलाई पछ्याउँछन्। अनि तिनीहरूले एक जना महिलालाई भेट्टाउँछन् जसले पुजारीका छोराहरूलाई लुकाएका थिए। तिनीहरू इनारमा ओर्लन्छन्। अनि त्यस महिलाले त्यस इनारमाथि कपडा विछ्याउँछिन् र त्यहाँ गेडागुडीहरू छर्छिन्। यसले गर्दा त्यहाँ इनार नभएको देखाउँछ। यहोशू २:६मा राहबले इस्रायलका गुप्तचरहरूलाई लुकाउन तिनीहरूलाई परालले छोपेका कथालाई याद दिलाउँछ।

इसाई जीवन सधैं खुशी र आनन्दपूर्ण जीवन हो भन्ने छैन। कतिपय टुक्रिएका मुटुहरूलाई जबरजस्ती मुस्कराहटले छोपेका हुन्छन्। येशूका भक्तहरू भएका नाताले उहाँका प्रतिनिधित्व गर्न हामीलाई बोलाइएको छ। हाम्रा वरिपरि रहेकाहरूकहाँ पुग्न हामी परमेश्वरका हातहरू हुन्छौं। मानिसहरू र तिनीहरूको यथास्थिति बुझ्न हाम्रो दिल खुला र संवेदनसील हुनुपर्दछ। अरूको सहायताको निम्ति हामी त्याग गर्न तयार हुनुपर्दछ।

## ४. अबियथारले चुन्ने विकल्प (१ राजा १:१-८)

अबियथारको राजनैतिक र धार्मिक धारणा कस्तो थियो भनेर हामीलाई त्यसको लेखाजोखा छोडेर गएको छैन। उसले जे भन्छ परमेश्वरको वचन हो भनेर दाउदले लेख्थ्यो। तर अबियथारको क्रियाकलाप उसले बोलेका कुराभन्दा ठूलो स्वर थियो। उसले भनेका कुराहरूमा ऊ कस्तो थियो भनेर कहिँ पनि लेखिएको छैन।

दाउदको समयकालमा कुनै पनि घरमा बाबुको मृत्युपछि सब भन्दा जेठा छोरा त्यस घरको हर्ताकर्ता हुन्थ्यो। राजाको निम्ति पनि यहि नियम थियो। बाबुको मृत्यु पछि सबभन्दा जेठो छोराले राजगद्दी चढ्नु चलनै थियो। तर मानिसका चलनलाई परमेश्वरले मान्नुपर्छ भन्ने छैन। अझ भन्ने हो भने इस्रायलको इतिहासमा परमेश्वरले जेठा छोराहरूलाई वेवास्ता गरी अर्कैलाई राजा बनाएको पनि हामी पाउँछौं। विशेष परिस्थिति कारणवस वा जेठा छोराहरूले चुनेका कुराहरूले गर्दा यस्तो भएको हामी पाउँछौं। हेर्नुहोस्ः उत्पत्ति ४:१-५, २१:८-१२, २५:२१-३६, ४८:८-१९ र १ सामूयल १६:६-१२।

१ राजा १:१-८ पढ्नुहोस्। अबियथार दाउदका अत्यन्त नजीकका व्यक्ति थियो। यी पदहरूमा अबियथारले के गऱ्यो भन्ने कुराहरूले उसको चरित्रको बारेमा के भन्छ?

सोलोमन दाउदका जेठा छोरा थिएनन्। त्यसकारण साधारणतया चलन अनुसार उनी दाउदको मृत्युपछि राजा हुने हक उनको थिएन। तर दाउदको सबभन्दा जेठो छोरो आमननलाई उसकै भाई आब्शोलमले मारेका थिए। अनि विद्रोहको सिलसिलामा आफ्ना बाबुसँग लड्न जाँदा रूखको हाँगामा अड्केर आब्सोलमको मृत्यु भएको थियो। त्यसपछि जीवित रहेका सबभन्दा जेठा छोरा बाबुको गद्दीको हक दावी गर्दछन्। आडोनिजाले जोआब र अबियथारलाई भेट्छन् र उसको हकलाई अनुमोदन गर्दछन् (१ राजा १:७)।

सोलोमन आडोनिजा भन्दा कान्छा थिए र उनको पारिवारिक इतिहास लज्जापूर्ण थियो। उनको आमा बिथशिवा जो हिट्टी युरियाहकी

पत्नी थिइन्। बिथशिबासँग गरेको कुकृत्य छोप्न राजा दाउदले सिपाहिँ युरियाहलाई मृत्युको पासोमा फसाएका थिए। यस्तो लज्जापूर्ण परिवारबाट आएपनि परमेश्वरले सोलोमनलाई माया गर्नुहुन्थ्यो (२ सामूयल १२:२४)। दाउदपछि राजा हुन सोलोमनलाई परमेश्वरले चुन्नुभएको कुरा स्पष्ट थियो (१ इतिहास २२:९,१०)। मानिसहरूदेखि डराएर अबियथारले सोलोमनको सट्टा आडोनिजालाई राजा चुन्छन्। परमेश्वरको इच्छामा भर पर्नुको सट्टा मानिसका चालचलन वा संस्कारमा अबियथार भर पर्दछन्।

परम्परामा भर पर्नु हाम्रो निम्ति सजिलो छ। परमेश्वरको इच्छालाई खोजिरहनुनपर्ने भएकोले परम्परा अनुसार चल्दा सजिलो हुनु स्वाभाविकै हो। "हामी सधैं यहि गरिरहेका छौं" भन्ने सजिलो र बच्ने उपाय हो।

परमेश्वरको अगुवाईबाट पन्छिन हामी कतिपटक परम्परालाई छान्छौं? फेरि त्यसै वखत यो परम्परा हो भनेर वेवास्ता गरेर त्यसलाई गलत ठान्नुबाट पनि कति सचेत हुनुपर्छ?

## ५. अबियथारको भविष्य (१ राजा २:२६, २७)

दाउदको मृत्युपछि सोलोमन राजा भए। तर उनले गरेको राज्यमा धेरै कुराहरूको छिनोफान गर्नुपरेको थियो। राजद्रोह गरेको अभियोग लागेका आदोनिजालाई मृत्युदण्ड दिइसकेपछि (१ राजा २:१३-२५) पुजारी अवियथारको भविष्यबारेमा पनि निर्णय गर्नुपरेकोथियो। उनले बफादारपूर्वक राजा दाउदको सेवा गरेका थिए। सोलोमनको विरुद्धमा उनले खेलेको भूमिकाले गर्दा अव उनलाई के गर्ने त?

१ राजा २:२६,२७ पढ्नुहोस्। सोलोमनले अत्रियथारप्रति कस्तो व्यवहार गरे भनेर ती पदहरूले बताउँछन्? सोलोमनले कुन कारणले यो कदम चाले?

सय वर्ष अघि पुजारी इलाईलाई गरेको भविष्यवाणी अनुसार (१ सामूयल २:३०-३६) अबियथारलाई कामबाट बरखास्त गरिएको देखिन्छ। तर हामीले कस्तो निर्णय गर्नेछ भन्ने कुरा परमेश्वरलाई अगाडि नै थाहा थियो। हामी र हाम्रा सन्तान जन्मेपछि हामीलाई र उनीहरूलाई दिएको आत्मनिर्णयको अधिकार अनुसार के चुन्छौं भन्ने कुरा परमेश्वरले थाहा पाइसक्नु भएको हुन्छ। त्यसैकारण भविष्यमा के हुनेछ भनेर उहाँले भविष्यबाणी बोल्न सक्नुहुन्छ। परमेश्वरलाई थाहा थियो इलाईका छोराहरूलाई उनीहरूको क्रियाकलापले गर्दा उनीहरूलाई वर्खास्त गरिनेछ। त्यसरी नै अबियथारले परमेश्वरको निर्णयलाई नमानेको कारण उसलाई पनि बर्खास्त गरिनेछ भन्ने अग्रिमा ज्ञान उहाँलाई थियो।

मत्ती २६:१४-१६, २०-२५ पढ्नुहोस्। अबियथारलाई जे भयो त्यसले ती पदहरूमा लेखिएको भविष्यवाणीलाई कसरी वाख्या गर्दछ? दुवैको सन्दर्भमा कुन सिद्धान्तलाई औँल्याइएको छ?

यहूदाले येशूलाई धोका दिनेछ भनेर उहाँलाई सधैं थाहा थियो। तर येशूले यहूदालाई तिरस्कार गर्नुभएन। बाऱ्हजनाको वन्द सत्र भित्र यहूदा पनि एक भएको थियो। व्यक्तिगत रूपमै यहूदाले परमेश्वरको शक्तिको अनुभव गरेको थियो। तर अबियथार जस्तै यहूदाले पनि परमेश्वरको इच्छा वा निर्णयलाई मान्न तयार थिएन। संसारको चक्रवर्ती राजा येशू हुनुहोस् भनेर यहूदाको चाहना थियो। तर येशूले संसारको राजा हुन इन्कार गरेपछि यहूदा क्रुद्ध भयो, र परम्पराका अगुवाहरू, शास्त्रीहरू र फरिसी पण्डितहरूतिर मन फर्कायो। यसको फलस्वरुप जगतका सत्य राजालाई धोका दिन पुग्यो।

परमेश्वरलाई सबै कुरा थाहा छ भन्दैमा मानव इतिहासलाई उहाँले नियन्त्रण गर्नुहुन्न। यहूदा र अबियथारलाई जस्तै आत्मनिर्णयको अधिकार प्रत्येक मानिसलाई दिइएकोछ। हामीले के निर्णय गर्नेछौं र त्यसको नतिजा के हुन्छ भनेर परमेश्वरलाई थाहा भएतापनि हामीले स्वतन्त्र रूपले चुन्ने हाम्रो अधिकारलाई उहाँले हस्तक्षेप गर्नुहुन्न।

आत्मनिर्णयको अधिकार मानव जातिलाई परमेश्वरले दिनुभएको पवित्र बरदान हो। यहि अधिकार हामीलाई दिएकोले येशूले क्रुसमा ठूलो मूल्य चुकाउनुपर्‍यो। (यदि हामीलाई चुन्न स्वतन्त्रता नदिएको भए हामीले पाप गर्न रोज्ने थिएनौं होला। अनि येशूको मृत्यु हुन आवश्यक थिएन।) कुनैपनि निर्णय गर्नुभन्दा पहिले प्रार्थना गर्नुपर्छ र होशियारपूर्वक सोच्नुपर्छ भनेर तपाईंले कहिलै बिचार गर्नुभएको छ?

**उपसंहारः**

थप जानकारीः "महान् र गम्भिर कामको निम्ति परमेश्वरले तपाईंलाई चुन्नुभएको छ। उहाँको आफ्नै महिमाको निम्ति तपाईंले यो पवित्र काम गरून भनेर उहाँले तपाईंलाई डोर्‍याउन खोज्नुभएको छ, परिक्षामा पार्नुहुन्छ, तपाईं उहाँको साथमा हुनुहुन्छ भनेर प्रमाणित गर्न चाहनुहुन्छ। यो प्रक्रियाले तपाईं परमेश्वरको काममा अघि बढुन् भन्ने उहाँको चाहाना हो। यो कस्तो गौरवमय बिचार हो कि परमेश्वरसँग घनिष्ट सम्वन्धमा उहाँले मानिसलाई चुन्नुहुन्छ। उहाँको निम्ति काम गर्न र उहाँको विशेष उद्देष्य पूरा गर्न परमेश्वरले मानिसलाई नै विशेष अभिभारा दिएर खटाउनुहुन्छ। कमजोर मानिस बलियो बनाइन्छ। डरछेरुवालाई निडर बनाइन्छ। जो मानिसले निर्णय गर्न हिचिकाउँछ, त्यसलाई छिटो निर्णय गर्न आत्मबल दिइन्छ। ओहो ! यो कस्तो हो कि मानिसहरूले राजाहरूका राजाको निर्देशन लिन उनीहरूलाई सक्षम् बाइन्छन् ! के मानिसको सांसारिक महत्वाकाँक्षाले उसलाई दिइएको पवित्र भरोसा र पवित्र आज्ञालाई निस्तेज पार्ने त?"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक २, पृष्ठ १६७बाट रूपमान्तरित।

**चिन्तनमननः**

१. बाइबलका अरू भागहरूबाट राजा दाउदको जीवनको बारेमा सोच्नुहोस्। यस्तो मानिसको बारेमा सोच्नुहोस् कि जसलाई सम्पन्न बनाइएको छ तर उसले आफूले पाएको

अमूल्य सम्पत्तिलाई खेरफाल्न हिचकिचाएन। सावलको जीवन गाथाले हामीले के सिक्नसक्छौं? राजा दाउदले के भुल गरे जसले गर्दा उनि पापको पथमा गिर्न पुगे र यस अध्यायमा उल्लेखित घट्नामा उनी सामेल हुनपुगे?

२. हामीहरूको संघर्षमा येशू अति संवेदनशील हुनुहुन्छ किनकि उहाँ आफैले मानव चोला लिएर सबै दुःख भोग्नभएको थियो। येशू कुनै टाडा रहने परमेश्वर नभएर मानव चोला हुनुभएको सत्यता हाम्रो निम्ति किन महत्वपूर्ण छ?

३. तपाईंको चर्च वा समाजमा कसैले आफ्ना प्रियजन गुमाउनु परेकोले कस्तो सन्ताप भोगिरहेका छन्, त्यसलाई सोच्नुहोस्। तपाईं र तपाईंका विश्वासी मित्रहरूले त्यसलाई कसरी सहायता गर्न सक्नुहुन्छ? केवल मुखले मात्र सान्त्वना नदिइ अरू के गर्न सक्नुहुन्छ? सान्त्वनाका वचनहरू बोल्नु बाहेक अरू केहि गर्न नसक्ने अवस्था पनि होला र?

४. हाम्रो आत्मनिर्णयको अधिकार र परमेश्वरलाई भविष्यको कुरा सबै थाहा भएको तर्क धेरै अरू तर्कहरू भन्दा जटिल तर्क भएको इसाई बुद्धिजीविहरूले महशुस गरेका छन्। यदि हामीले के निर्णय गर्ने भन्ने कुरालाई परमेश्वरलाई अगाडि नै थाहा छ भने के हामी स्वतन्त्र रूपमा निर्णय गर्नसक्छौं र? यदि छैन भने, व्यक्तिगत स्वतन्त्रता वा आत्मनिर्णयको अधिकार खोइ? यदि हामीलाई स्वतन्त्रता छैन भने हाम्रा कामले गर्दा हामीलाई गर्ने न्याय वा सजायँ के उचित छन् त? कसैले भन्दछ, हाम्रा कतिपय कामहरू परमेश्वरलाई थाहा छैन, यदि थाहा भयो भने हामी स्वतन्त्र रूपमा चल्न सक्दैनौं। अरूलाई यो समस्या भएको देखिन्दैनः मानिसले के गर्छ वा गर्दैन भन्ने कुरा परमेश्वरलाई थाहा भएपनि मानिसले

गर्ने निर्णयप्रति ऊ स्वतन्त्र छैन भन्नु ठीक छैन। बिश्वासीहरू बिच यसबारे चर्चापरिचर्चा गर्नुहोस्, तर त्यसको निश्कर्ष अहिले नै हुन्छ भनेर अपेक्षा नगर्नुहोस्। तर हामी आत्मनिर्णय गर्न कतिको स्वतन्त्र छौं भन्ने कुरामा यकिन हुनु अति महत्व छ। हाम्रो स्वतन्त्रतालाई परमेश्वरले आदर गर्नुहुन्छ, तर याद गर्नुहोस् हामी सबै उहाँकै नियन्त्रणमा छौं।